सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १९१ ♦ २०८० साल चैत्र २३ गते शुक्रवार ♦ 5 April 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## वृद्धाको हत्यामा संलग्न युवक पक्राउ



**खबर दर्पण समाचारदाता**

**चैत्र २२ गते, बर्दिवास**

सर्लाहीको बागमती नगर पालिका-४, जिरायतस्थित जङ्गल टोल बस्ने एक वृद्धाको हत्यामा संलग्न युवकलाई प्रहरीले सार्वजनिक गरेको छ ।

स्थानीय बौधु महतोकी श्रीमती ७० वर्षीय पार्वतीकुमारी महतो भन्ने पार्वतीदेवीको मङ्गलबार साँझ आफ्नै घरमा हत्या भएको थियो ।

प्रहरीले पार्वतीको हत्यामा संलग्न रहेका रौतहटको वृन्दावन नगरपालिका-५, नरकटिया बस्ने ३९ वर्षीय प्रमोद झा भन्ने प्रमोद चौधरीलाई पक्राउ गरी बिहीबार जिल्ला प्रहरी कार्यालय मलङ्गवामा पत्रकार सम्मेलन गरेर सार्वजनिक गरेको हो ।

प्रमोदले जिरायत क्षेत्रमा ज्याला मजदुरीको काम गर्थे । प्रारम्भिक अनुसन्धानमा प्रमोद चोरी गर्न गएका बेला वृद्धा प्रमीलादेवीले प्रतिकार गर्दा उहाँको हत्या भएको हुनसक्ने आशङ्का गरिए पनि वास्तविक कारण खुल्न बाँकी नै रहेको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक अनिलराज गिरीले जानकारी दिनुभयो ।

प्रमोदले प्रमिलादेवीको अनुहार मा काठको मुढो प्रहार गर्दा घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरी निरीक्षक गिरीका अनुसार घटनाको अनुसन्धानका क्रममा प्रमिलादेवीको घरमा राखिएको सात बोरा चामलमध्ये छ बोरा चामलमात्रै फेला परेको छ ।

सिसिटिभी फुटेजका आधारमा महतोको घरबाट चोरी भएको चामल प्रमोद चौधरीले बोकेर हिँडेको देखिएको प्रहरीले जनाएको छ । चौधरी चोरी भएको चामल बोकेर बागमती नगरपालिका-४, घिमिरे चोकमा रहेको किराना पसलमा बिक्रीका लागि पुगेको समेत सिसिटिभी फुटेजबाट देखिएको प्रहरी निरीक्षक गिरीले बताउनुभयो ।

चौधरीलाई प्रहरीले नहरको बाटो भएर रौतहटतर्फ भाग्दै गर्दा बुधबार बिहान बागमती नगर पालिका-१ बाट पक्राउ गरेको हो । प्रहरीले चौधरीलाई कर्तव्य ज्यान मुद्दामा सर्लाही जिल्ला अदालतबाट पाँच दिनको म्याद लिएर थप सोधपुछ तथा अनुसन्धान गरिरहेको बताएको छ ।

सर्लाहीका प्रहरी उपरीक्षक ( एसपी) दयानिधि ज्ञवालीले घटना लगत्तै जिल्ला तथा इलाका प्रहरी कार्यालय हरिवनबाट परि चालित टोलीले अपराधमा संलग्न व्यक्तिलाई तत्कालै पक्राउ गरी कानुनी दायरामा ल्याउन सफल भएको बताउनुभयो ।

## साढे तीन वर्षमा पूर्व-पश्चिम राजमार्ग स्तरोन्नति मात्र एकापट्टीको ३३ किलोमिटर कालोपत्रे



**खबर दर्पण समाचारदाता**

**चैत्र २२ गते, बर्दिवास**

राष्ट्रिय गौरवको योजनामध्येको पूर्व-पश्चिम राजमार्गको स्तरोन्नति काम भइरहेको छ । मधेश प्रदेशको सिराहा जिल्लाको कमला नदी पूर्वदेखि सप्तरीको कञ्चनपुर पश्चिमसम्म कूल ८६ किलोमिटर स्तरोन्नतिको काम भइरहेको छ । अहिलेसम्म एकतर्फी ३३ किलोमिटर मात्र कालोपत्रे भएको छ ।

राजमार्ग स्तरोन्नति काममा ढिलाइ भइरहेको जनगुनासो आएपछि सप्तरी खण्डमा सप्तरीका प्रमुख जिल्ला अधिकारी किरण थापाको नेतृत्वमा सुरक्षा निकाय प्रमुखसहितको सभागामी बिहीबार निरीक्षण र अनुगमन गरेर समस्याबारे जानकारी लिनु भएको छ । स्थानीय तहले खुटी खोलाबाट गिट्टी, बालुवा उत्खनन गर्न रोक लगाएको कारण काममा आंशिक प्रभाव परेको अनुगमन टोलीलाई आयोजना प्रमुखले अवगत गराएको थियो । उत्खनन र अन्य जस्तोसुकै समस्याको गाँठो फुकाउन स्थानीय प्रशासनबाट सम्पूर्ण सहयोग गरिने प्रजिअ थापाले विश्वास दिलाउनुभएको छ ।

चाइनिज ठेकेदार कम्पनी चाइना रेलवे २ इन्जिनियरिङ ग्रुपले कूल १५ अर्ब ५६ करोडमा सडक स्तरोन्नति कामको ठेक्का पाएका हुन । सन् २०२० अक्टोबरबाट काम सुरुगरी सन २०२३ अक्टोबरसम्म सम्पन्न गर्ने गरी ठेक्का साकार गरेको थियो । तीन वर्षभित्र काम सम्पन्न नहुँदा प्रथम पटक एक वर्ष म्याद थप गरिएको छ। अब सन २०२४ डिसेम्बर सम्ममा काम सक्ने गरी म्याद पाएको छ। कामको सुरुमा कोरोनाको मार र सडकमा विद्युत पोल र अतिक्रमण हटाउन ढिलाइ भएको कारण समयमा काम सम्पन्न नहुँदा म्याद थप गरिएको जनाएको छ ।

इन्जिनियरिङ ग्रुपले कमला-कञ्चनपुरसम्मको निर्माण कार्यलाई दुई वटा प्याकेजमा ठेक्का पाएका हुन । एडिबीको ७२ र नेपाल सरकारको २८ प्रतिशत संयुक्त लगानीमा सप्तरीको कुशहादेखि कञ्चनपुर सम्म पूर्वी सडकखण्ड पहिलो प्याकेज र सिराहाको बलान ( कुशहा) पश्चिमदेखि कमला नदी पूर्वसम्म पश्चिमी सडकखण्ड दोस्रो प्याकेजमा सडक विस्तार निर्माण काम पाएको हो । इन्जिनियरिङ ग्रुपले दुवै प्याकेजको ८६ किलो मिटरसम्म कालोपत्रे सडक, मुख्य पुल,


*बाँकी पृष्ठ २ मा*

**सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।**

**शिरीष अफसेट प्रेस**

**बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी**

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,



- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प



- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# साढे तीन वर्षमा पूर्व-पश्चिम राजमार्ग .....

ओभर पास ब्रिज, अन्डर पास ब्रिज, कल्भर्ट, नालासहित निर्माण कार्य सम्पन्न गर्नु पर्थ्यो । तर अहिलेसम्ममा दुवै खण्डका गरी ३३ किलोमिटर सडकमा मात्र एकतर्फी कालोपत्रेको काम सकिएको छ। कालोपत्रेका लागि सडकको बेस बनाउने, कल्भर्ट निर्माण, पुल, नाला निर्माणको अझै सकिएको छैन । निर्माण कार्यलाई तीव्रता दिइएको छ । पछिल्लो करिब डेढ महिना यता खोलाबाट गिट्टी, बालुवा झिक्न रोक लगाएको, बिजुली पोल नहटाएको, खानेपानीको काम नगरेको कारण काम प्रभावित भएको कञ्चनपुर-कमला सडक योजना पश्चिमी खण्ड सडक विभागका इन्जिनियर सरोज कोइरालाले जानकारी दिनुहुँदै उहाँले भन्नुभयो, “बिजुली पोल सार्न हामीले विद्युत प्राधिकरण वितरण केन्द्र लाहानलाई असार मा र मिर्चैया वितरण केन्द्रलाई असोजमै पैसा दिएपनि अझै काम सुरु गरेको छैन ।”

नदीबाट बालुवा, गिट्टी झिक्न आईई (प्रारम्भिक वातावरण परीक्षण) प्रक्रिया पूरा गरेर मन्त्रालयबाट स्वीकृतिको अन्तिम चरणमा रहेकोले अब कुनै समस्या नभई तीव्र रूपमा काम अगाडि बढ्ने उहाँले बताउनुभयो ।

योजनाअन्तर्गत सहरी (बजार) क्षेत्रमा ५० मिटर (छ लेन) र त्यसबाहेकका क्षेत्रमा २४ मिटर (चार लेन) सडक कालोपत्रे गरिने छ। तीमध्ये लहान, पडरिया, मिर्चैया, धनगढी, कसहालगायत सडक खण्डमा एकतर्फी २० किलोमिटर सडक कालोपत्रे भइसकेको इन्जिनियर कोइरालाले जानकारी दिनुभयो । पश्चिमी खण्डको कूल ४७ किलोमिटर सडक निर्माण कामको ठेक्का आठ अर्ब ३८ करोडमा लागेको छ भने यसअन्तर्गत २५ वटा मुख्य पूल, ११५ वटा कलभर्ट, ४४ किलोमिटर नाला, लहान र मिर्चैयामा एक/एक वटा ओभर पास ब्रिज, लहानमा चार र गोलबजारमा दुईवटा गरी छ वटा अन्डर पास निर्माणको कार्य रहेको छ। मुख्य पुलमध्ये धेरैको ढलान भइसकेको र रंगरोगन, रेलिङ्ग हाल्न बाँकी रहेको उहाँले अहिलेसम्म कुनै पनि पुलको पूरा काम भइनसक्दा सञ्चालनमा आउन नसकेको उहाँले बताउनुभयो । यस खण्डमा वित्तीयतर्फ ३४ प्रतिशत र भौतिकतर्फ ४७ प्रतिशत प्रगति रहेको उहाँको भनाइ छ ।

कञ्चनपुर-कमला सडक योजना, पूर्वी खण्ड प्रमुख खड्गलाल श्रेष्ठले पूर्वी खण्ड कञ्चनपुर-कुशाहसम्मको ३९ किलोमिटरको लागि कूल सात अर्ब २७ करोडमा ठेक्का लागेको बताउनुभयो। यस खण्डमा २९ वटा मुख्य पुल, ११४ वटा कल्भर्ट र छ किलो मिटर नाला निर्माण रहेको छ। आठ/नौ वटा पुलको ढलान भइसकेको छ भने कल्भर्ट निर्माणको काम अन्तिम चरणमा रहेको उहाँले बताउनुभयो। यस खण्डमा छ लेनको छ किलोमिटर , चार लेनको ३३ किलोमिटर सडक कालोपत्रे गर्ने योजना रहेकोमा हालसम्म १३ किलोमिटर एकतर्फी कालोपत्रे भइसकेको प्रमुख श्रेष्ठले बताउनुभयो। यस खण्डमा बित्तियतर्फ ३३ प्रतिशत र भौतिकतर्फ ४५ प्रतिशत प्रगति रहेको उहाँको कथन छ ।

नेपाललाई कुल व्यवस्थापनको जिम्मेवारी रहेको यस योजनाको कन्सलट्यान्टमा कुनहवा इन्जिनियरिङ्ग एण्ड कन्सल्टिङ्ग कार्पोरेशन लिमिटेड कोरिया र बीसीएल एसोसिएटस लिमिटेड बंगलबादेश रहेको छ ।

# गंगासागर र धनुषसागर हेरिटेज खाली गराइने

**खबर दर्पण समाचारदाता**
**चैत्र २२ गते, महेन्द्रनगर**

ऐतिहासिक एवं धार्मिक पवित्र गंगासागर र धनुषसागरको 'हेरिटेज एरिया' खाली गराइने भएको छ ।

साना व्यवसायीहरुले थापेको पसललाई अन्यत्र सारेर गंगासागर र धनुषसागर क्षेत्रलाई खाली गराउने तयारी जनकपुरधाम उपमहानगरपालिकाले गरेको छ ।

जनकपुरधाम उपमहानगर पालिकाले 'हेरिटेज' मा रहेका पसलहरुलाई गोपाल धर्मशालाको दक्षिण तर्फ खाली रहेको जग्गामा व्यवस्थापन गर्न लागिएको छ । उपमहानगर पालिकाको अधिनमा त्यहाँ ७ कठ्ठा जग्गा रहेको छ । त्यस जग्गामा साना व्यवसायीहरुलाई बन्दोबस्त गरिने उपमहानगर पालिकाका प्रमुख मनोज कुमार साहले बताएका छन् । 'सांस्कृतिक धरोहर गंगासागर र धनुषसागर बीचको सम्पदालाई संरक्षित र सुन्दर बनाउन खाली गराउन लागिएको हो' उनले भने, साना व्यवसायीहरुलाई जीविकोपार्जन गर्न व्यवस्थित रुपमा जग्गा उपलब्ध गराइने छ । गोपाल धर्मशालाको दक्षिण तर्फ रहेको जग्गामा साना व्यवसायीहरुलाई पसल थाप्न नदिन उच्च अदालत जनकपुरधामले जारी गरेको अल्पकालीन अन्तरिम आदेश खारेज भइसकेको छ ।

व्यवसायीहरु पनि व्यवस्थित रुपमा जग्गा उपलब्ध गराइदिन मागगर्दै आएका छन् । जीविकोपार्जन गर्न सञ्चालन गरिएको पसललाई उपमहानगर पालिकाले जग्गा उपलब्ध गरएको स्थानमा सञ्चालन गर्ने बताउँदै आएका छन् ।

गंगासागर र धनुषसागरको बीचको भागमा वैवाहिक कार्यक्रमहरुमा मटकोर र डिहिवार पूजाको भारी भीड हुने गर्छ ।हरेक साँझ गंगा आरतीमा सहभागी श्रद्धालुहरुलाई आउजाउ गर्न समेत कठिनाइ हुने गरेको छ। सवारी साधनको पार्किंग स्थल नजिकै नहुँदा समस्या भोग्नु परेकोले साना पसलहरुलाई हटाउनु पर्ने जउमनपाले जनाएको छ ।

जनकपुरधाम उपमहानगरको सडक र पेटीलाई अतिक्रमणमुक्त बनाइ स्वच्छ सफा राख्न 'स्पेशल फोर्स' बनाइएको छ । सडक र पेटी खाली गराउन नियमित रुपमा 'स्पेशल फोर्स' ले अनुगमन गर्ने व्यवस्था गरिएको छ ।

'स्पेशल फोर्स'मा जउमनपाका नगर प्रहरी र नेपाल प्रहरीका जवानहरुलाई राखिएको छ । 'स्पेशल फोर्स'को सम्पूर्ण व्यवस्थापन नगरपालिकाले गर्ने छ । 'स्पेशल फोर्स' को कैम्प रेलवे स्टेशन प्रहरी चौकीमा राखिएको छ ।

संयुक्त रुपमा नियमित रुपमा नगरको सडक, पेटी र सर सफाईको निगरानी 'स्पेशल फोर्स'ले गर्ने नगरप्रमुख मनोज कुमार साहले बताए । 'नगर सफाइ र व्यवस्थित भएसँगै पर्यटकहरुको संख्यामा भारी बृद्धि भएको छ' उनले भने, धार्मिक र सांस्कृतिक सहर जनकपुरधाममा पर्यटक भित्र्याउन सबैको सहयोग चाहिन्छ ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**वृष-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन-**प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**कर्कट** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**सिंह** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**कन्या** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**तुला** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक** - समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**धनु** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**मकर** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**कुम्भ-** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**मीन** -मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदी प्राप्त हुनेछ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| खानेपानी हात्तीलेट वर्दिवास-८ | ९७०३८९१४२५ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# प्रेस युनियन धनुषा द्धारा नेपाल पत्रकार महासंघ धनुषाको अधिवेशन तत्काल स्थगित गर्न मांग

**खबर दर्पण समाचारदाता**

**चैत्र २२ गते, महेन्द्रनगर**

नेपाल प्रेस युनियन धनुषाले नेपाल पत्रकार महासंघ धनुषाको अगामि ३० गते निर्धारित अधिवेशन तत्काल स्थगित गर्न मांग गरेको छ । नयाँ सदस्यता र सुद्धिकरणका कारण नविकरण हुने-नहुने सदस्यहरुको बिना निश्कर्ष अधिवेशन भए अन्यौलता उत्पन्न हुने भन्दै युनियन धनुषाले बिना निश्कर्ष अधिवेशन गर्न नहुने भन्दै ध्यानाकर्षण गराएको छ । युनियन धनुषाका अध्यक्ष राजन सिंहको अगुवाईमा पुगेको टोलीले महासंघ धनुषाकी अध्यक्ष मनिका झालाई ध्यानकर्षण पत्र बुझाउदै यथास्थितीमा अधिवेशन गरिए उत्पन्न हुने परिस्थितीको जिम्मेवारी महासंघले लिनपर्ने समेत बताएको छ । सो अवसरमा युनियन धनुषाका उपाध्यक्ष घनश्याम मिश्र, सचिव हरिवंश यादव, दिपेश मल्लिक, अभय शर्मा, टिकाराम सुनार, चन्दन ठाकुर सहितको उपस्थिती थियो ।

**यस्तो छ युनियनको ध्यानाकर्षण पत्र :**

नेपाल पत्रकार महासंघले शुरु गरेको सदस्यता शुद्धिकरण अभियानमा नेपाल प्रेस युनियनको पूर्ण साथ र सहयोग रहेको सर्वविदित्तै छ । पत्रकार महासंघलाई विशुद्ध पत्रकार हरुको संस्था बनाउन नेपाल प्रेस युनियनले निर्वाह गरेको भूमिकाबारे पत्रकार महासंघ पनि अनभिज्ञ छैन् । तर, पछिल्लो विकसित घट्नाक्रम अनुसार नेपाल पत्रकार महासंघले शुद्धिकरण अभियानलाई थाँती राखेर सार्वजनिक रुपमा प्रेस विज्ञप्ती जारी गरी जिल्ला, प्रदेश र केन्द्रीय अधिवेशन घोषणा गरेको प्रति नेपाल प्रेस युनियनको गम्भीर ध्यानाकर्षण भएको छ । पत्रकार महासंघको यस्तो निर्णयबाट शुद्धिकरण अभियानलाई नै ओझेलमा पार्ने काम भएको हाम्रो बुझाई छ । यसै सन्दर्भमा नेपाल प्रेस युनियन केन्द्रीय समितिको मिति २०८० चैत १७ गते सुनसरी जिल्लाको इटहरीमा सम्पन्न बैठकले पत्रकार महासंघले सदस्यता र मतदाता नामावलीको टुंगो लगाएर मात्र नेपाल पत्रकार महासंघका जिल्ला, प्रदेश र केन्द्रको अधिवेशन साधारणसभा गर्न निर्णय गर्दै पत्रकार महासंघलाई आग्रह समेत गर को जानकारी गराउँदछौं । तसर्थः पत्रकार महासंघको सदस्यता टुंगो नलगाई साधारणसभा, अधिवेशन सहितका कुनै पनि प्रक्रिया अगाडी नबढाउन नेपाल पत्रकार महासंघ धनुषा शाखा संग आग्रह गर्दै ध्यानाकर्षण गराउँदछौं । अन्त्यमा, नेपाल पत्रकार महासंघले प्रेस युनियनको माग विपरित अधिवेशन साधारणसभा सहितका कुनै पनि प्रक्रिया अगाडी बढाएमा सोबाट उत्पन्न हुन जाने परिस्थितिको जवाफदेही स्वयं नेपाल पत्रकार महासंघ धनुषा शाखा नै हुने समेत यसै ध्यानाकर्षण पत्र मार्फत जानकारी गराउँदछौं ।




## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**

## सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

**भंगहा नगरपालिका, महोत्तरी**

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**बलवा नगरपालिका, महोत्तरी**

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## हावाहुरी र आगलगीबाट बचौं

सुख्खा र तातो मौसम चढे लगत्तै हावाहुरीको सम्भावना अधिक भएकोले जथाभावी आगो नबालौं।

बालबालिकाहरुलाई सलाई, लाईटर वा धुँरको आगोबाट टाढा राखौं।

फागुनदेखि बैशाखसम्म सुख्खा मौसम पश्चिमी वायु चल्दा सुख्खापनले आगो लाग्ने सम्भावना अधिक हुन्छ, आगो बालेर नछाडौं।

घरको छाना, घर लगत्तै अधिक मात्रामा सुख्खा दाउरा नराखौं, दाउरा राखेपनि आगोबाट अधिक टाढा राखौं।

माथिल्लो छतहरुमा राखिएको फूलको गमलाहरु हावाहुरीमा सुरक्षित राखौं।

सवारी साधन चलाउने बेलामा हावाहुरी आउँदा रोकेर बसौं।

**औरही नगरपालिका, महोत्तरी**

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**गौशला नगरपालिका, महोत्तरी**

# विद्यालयमा बालमैत्री तथा समावेशी विद्यालय भवन निर्माण भएपछि पढाइ सहजता हुने

**खबर दर्पण समाचारदाता**
**चैत्र २२ गते, महेन्द्रनगर**

धनुषाको विदेह नगरपालिका वडा नम्बर ९ इटहर्वास्थित शिव शंकर जनता माध्यमिक विद्यालयमा बालमैत्री तथा समावेशी विद्यालय भवन निर्माण भएपछि पढाइ सहजता हुने भएको छ।

प्लान इन्टरनेशनल नेपालको आर्थिक सहयोगमा आसमान नेपालले सञ्चालन गरेको शिक्षा परियोजना अन्तर्गत सो विद्यालयमा चार कोठे भवन बनेको हो। पुरुष महिला र अपाङ्ग मैत्री शौचालय र हात धुन र पानी पिउनको लागि धाराको निर्माणसहित बनेको भवन उद्घाटन गरिएको हो।

जापान सरकारको ९३ लाख तीन हजार ८५७ रुपियाँ लागतमा निर्माण गरिएको उक्त भवनको बुधबार विदेह नगर पालिकाका नगर प्रमुख बेचन दास, प्लान इन्टरनेशनल नेपालका पूर्व क्षेत्रीय कार्यालय जनकपुरधामका क्षेत्रीय प्रबन्धक रबी शंकर पण्डित र इटहर्वा महादेव स्थानका महन्थ शिव नारायण पुरीले संयुक्त रूपमा उद्घाटन गर्नुभयो।

कार्यक्रममा बोल्दै विदेह नगर पालिकाका नगर प्रमुख बेचन दासले विद्यालय भवन निर्माण भएपछि बालबालिकालाई पढाउनका निमित्त सहजता हुने भएकोले आ-आफ्नो बालबालिकालाई विद्यालयमा पठाउनका लागि सबैमा आग्रह गर्नुभयो। उहाँले विदेह नगर पालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर सबै भन्दा बढी ११ करोड बजेट छुट्याएको जानकारी गराउनुभयो।




कार्यक्रममा प्लान इन्टरनेशनल नेपाल पूर्व क्षेत्रीय कार्यालय जनकपुरधामका क्षेत्रीय प्रबन्धक रवि शंकर पण्डितले कुनै पनि बालबालिका विद्यालय बाहिर नहोस् भन्ने मान्यताका साथ समुदायको आवश्यकता बमोजिम यस विद्यालयलाई छनौट गरिएको जानकारी दिनुभयो।

कार्यक्रममा विदेह नगर पालिकाका नगर उपप्रमुख आशा देवी झा आसमान नेपालका कार्यक्रम व्यवस्थापक दिलीपकुमार यादव, शिक्षा परियोजनाका कार्यक्रम प्रमुख अशोक कमतीसहितको उपस्थिति रहेको थियो।


## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**क्षीरेश्वरनाथ नगरपालिका, धनुषा**

## हावाहुरी र आगलगीबाट बचौं

सुख्खा र तातो मौसम चढे लगत्तै हावाहुरीको सम्भावना अधिक भएकोले जथाभावी आगो नबालौं।

बालबालिकाहरुलाई सलाई, लाईटर वा घुँरको आगोबाट टाढा राखौं।

फागुनदेखि बैशाखसम्म सुख्खा मौसम पश्चिमी वायु चल्दा सुख्खापनले आगो लाग्ने सम्भावना अधिक हुन्छ, आगो बालेर नछाडौं।

घरको छाना, घर लगत्तै अधिक मात्रामा सुख्खा दाउरा नराखौं, दाउरा राखेपनि आगोबाट अधिक टाढा राखौं।

माथिल्लो छतहरुमा राखिएको फूलको गमलाहरु हावाहुरीमा सुरक्षित राखौं।

सवारी साधन चलाउने बेलामा हावाहुरी आउँदा रोकेर बसौं।

**मठिहानी नगरपालिका, महोत्तरी**

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**बर्दिवास नगरपालिका, महोत्तरी**








खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : अ (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा